त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मितिः २०८०।१०।१०

# वि.ई./वि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुनः आवेदन (अन्तिम तथा चौथो चरण) सम्बन्धि सूचना ।

शैक्षिक बर्ष २०८०।८१ मा यस क्याम्पसको B.E./BArch. तहमा केही कार्यक्रमहरुमा निम्न बमोजिम स्थान रिक्त रहन गएकोले ती स्थानहरूमा भर्ना हुन चाहने आवेदकहरूको लागि पुनः आवेदन फाराम भरी बुझाउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पुनः आवेदनका लागि २०८० माघ १२ गते १०:०० बजेदेखि ३:०० बजेभित्र पुल्चोक क्याम्पसको Web Site pcampus.edu.np मा उपलब्ध Online आवेदन फाराम भरी बुझाउनु पर्नेछ । फाराम भर्दा प्रति विषय रू ५०० का दरले लाग्नेछ । कुनै विषयको नियमित (Regular) र पुर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सोलाई दुइ विषय मानिनेछ ।
- आवेदकले आफुले राख्ने प्राथमिकता अनुसारको शुल्क सिद्धार्थ बैंक लिमिटेड पाटन ढोका शाखामा रहेको यस क्याम्पसको खातामा पहिले नै जम्मा गरि Online आवेदन फाराम भर्नु पर्ने छ ।
- बैंक भाउचर भर्दा २०८०/०८/०६ मा प्रकाशित सुचनामा संलग्न नमूना अनुसार Deposited by मा आवेदकको पुरा नाम र साल बाहेकको IOE Entrance Exam को Roll No. प्रष्ट सँग लेख्नु पर्नेछ । जस्तैः कुनै आवेदकको IOE Entrance Exam को Roll No. 2078-16026 भएमा यसै सूचनामा संलग्न नमुना बैंक भाउचरमा जस्तै Roll No. लेख्दा 16026 मात्र लेख्नु पर्नेछ ।
- **इन्जिनियरिङ अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षा २०८० मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरूले पुनः आवेदन दिन सक्नेछन् :**
  - क) यस क्याम्पसमा यस भन्दा पहिलेका भर्ना कार्यक्रमहरूमा फाराम भर्न छुट भएकाहरु ।
  - ख) यस क्याम्पसमा यस भन्दा पहिलेका भर्ना कार्यक्रमहरूमा फाराम भरि नाम प्रकाशित नभएकाहरु ।
  - ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरु ।
  - **घ) कुनै पनि आङ्गिक क्याम्पसका कुनै पनि कार्यक्रममा भर्ना नभएकाहरु ।**
- <u>हाल रिक्त सिट संख्या</u>

| सि. नं. | कार्यक्रम | रिक्त सिट संख्या | |
|---|---|---|---|
| | | खुल्ला | महिला |
| १. | Civil Engineering Regular (1) | २ | ० |
| २. | Electronics… Engineering Regular (7) | १ | ० |
| ३. | Mechanical Engineering Regular (9) | १ | ० |
| ४. | Chemical Engineering Full Fee (28) | १ | ० |
| जम्मा | | ५ | ० |

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

➢ यस क्याम्पस लगायत कुनै पनि आङ्गिक क्याम्पसमा भर्ना भइसकेका विद्यार्थीहरूले आवेदन दिन नपाउने भएता पनि यस क्याम्पसको कुनै कार्यक्रमको नियमित तर्फको रिक्त रहेको स्थानमा सोही कार्यक्रममा पूर्णशुल्किय तर्फ भर्ना भइसकेका विद्यार्थीहरूले भने आवेदन दिन पाउनेछन् । यसरी आवेदन दिने आवेदकहरूको सूची निकाल्ने क्रममा भर्ना भइसकेका पूर्णशुल्किय तर्फका विद्यार्थी निजको योग्यताक्रम तथा प्राथमिकताको आधारमा नियमित तर्फ स्थानान्तरण हुन सक्नेछन् । अतः आवेदन फाराममा प्राथमिकताक्रम राख्दा नियमित तर्फको रिक्त रहेको कार्यक्रमको हकमा त्यस कार्यक्रमको पुर्णशुल्किय तर्फ पनि राख्न सूचित गरिन्छ । यसरी पुर्णशुल्किय तर्फको विद्यार्थी नियमित तर्फ स्थानान्तरण भइ खालि हुन आएको पूर्णशुल्किय तर्फको स्थानमा भर्ना सूची अनुसारका आवेदक भर्ना भइसकेको खण्डमा मात्र यस अघि भर्ना भइसकेको विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गरिनेछ ।

➢ उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार आठौं सूची तथा वैकल्पिक सूची प्रकाशन गरिनेछ ।

➢ पुन आवेदन का लागि भर्ना कार्यक्रम निम्नाअनुसार हुनेछ ।

| भर्ना कार्यक्रम | मिति र समय |
|---|---|
| १) भर्नाका लागि पुनः आवेदन फाराम भर्ने | २०८० माघ १२ गते १०:०० बजेदेखि ३:०० बजेसम्म । |
| २) आठौं तथा वैकल्पिक सूची प्रकाशन | २०८० माघ १४ गते विहान १०:०० बजे । |
| ३) आठौं तथा वैकल्पिक सूची उपर दाबि विरोध | २०८० माघ १४ गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म |
| ४) संशोधित आठौं तथा वैकल्पिक सूची प्रकाशन | २०८० माघ १४ गते बेलुका ६:०० बजे । |
| ५) आठौं सूचीको भर्ना | २०८० माघ १५ गते विहान ११:०० देखि अपरान्ह २:०० बजेसम्म । |
| ६) वैकल्पिक सूचीको भर्ना | २०८० माघ १६ गते विहान १०:०० बजेदेखि मध्यान्ह १२:०० बजेसम्म । |

अध्यक्ष
भर्ना समिति २०८०
पुल्चोक क्याम्पस